# माछामारी जीविकोपार्जन गर्ने समुदायको क्षमता अभिवृद्धि गरी प्रादेशिक नदी प्रणालीमा जलीय जीव संरक्षणमा टेवा पुऱ्याउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

**प्रस्तावनाः** नेपालमा नदी, घोल, ताल, धाप, सिंचित धानखेत, नहर, पोखरी, रिजर्वायर आदिले देशको करिब ५ प्रतिशत भाग ओगटेको तथा यी जल क्षेत्रहरुमा ६५९ प्रजातिका विभिन्न जलीय जीवहरु आश्रय रहेको तथा परम्परागतरुपमा जलचर समाती र मारी जीविकोपार्जन गर्ने समुदायको संख्या समेत उल्लेख्य भएको अवस्थामा जलाशयहरुबाट माछा मारी जीविकोपार्जन गर्ने समुदायहरुको निम्ती टेवा पुर्याउने उद्देश्यले प्रदेश नं ५ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " माछामारी जीविकोपार्जन गर्ने समुदायको क्षमता अभिवृद्धि गरी प्रादेशिक नदी प्रणालीमा जलीय जीव संरक्षणमा टेवा पुऱ्याउने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.उद्देश्यहरुः** यस कार्यविधिको उद्देश्यहरु यस प्रकार रहेका छनः

(१)जलीय जैविक विविधता, वातावरण तथा जलचरहरुको संरक्षण, प्रवद्र्धन, ब्यबस्थापन एवम् दिगो विकास गरी सन्तुलित उपयोग गर्ने।

(२)जलचर संरक्षण ऐन, २०१७ को कार्यान्वयनमा सहयोग पुऱ्याउने।

(३)अवैधानिक रुपमा माछा मार्ने प्रणालीलाइ निरुत्साहित गर्ने।

(४)माछामारी जीविकोपार्जन गर्ने समुदायहरुको खाद्य तथा पोषण सुरक्षा र रोजगारीमा टेवा पुऱ्याइ जीवनस्तरमा सुधार ल्याउने।

**३.कार्यक्षेत्रः** यो कार्यक्रम काली गण्डकी, रिरि, राप्ती नदी , बबई, गेरुवा नदी र कर्णाली नदीहरुको Upstream र Downstream समेट्ने गरी एक/एक वटा स्थानमा सञ्चालन हुनेछ ।

## परिच्छेद २
## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४.**कार्याक्रम कार्यान्वयन प्रक्रियाः** यस कार्यक्रमको कार्यान्वयनका लागि देहायबमोजिम प्रक्रियाहरु अपनाइनेछ।

(१) समूह गठन/पुनर्गठन परिचालन

(२) जलचर संरक्षण ऐन कार्यान्वयन बारे अभिमुखीकरण तालिम संचालन

(३) जल तथा जलीय जीव व्यवस्थापन तालिम- प्रजाति, सिजन, जालको साईज, संवेदनशील स्थान

(४) माछा मार्न प्रयोग गरिने साधनहरु (डुङ्गा, Life Jacket, सिफारिश Mesh size को जाल) वितरण

(५) सूचनामूलक होर्डिङ्ग वोर्ड प्रर्दशन

(६) सूचनामूलक पोष्टर पम्पलेट प्रकाशन वितरण

## परिच्छेद ३
## विविध

**५. आर्थिक पक्ष:** कार्यक्रम सञ्चालनका लागि विभिन्न कृयाकलापहरु देहाय बमोजिम हुनेछन् ।

| क्र.सं. | कृयाकलापहरु | इकाई | परिमाण | दर | जम्मा रकम रु .हजारमा |
|---|---|---|---|---|---|
| १ | समूह गठन पुनर्गठन परिचालन/ | संख्या | ६ | ५.० | ३०.० |
| २ | जलचर संरक्षण ऐन बारे अभिमुखीकरण तथा जल तथा जलीय जीव व्यवस्थापन तालिम - प्रजाति, जालको साईज, संवेदनशील स्थान, सिजन | पटक | ६ | ७५.० | ४५०.० |
| ४ | माछा मार्नको लागि सिफारिश Mesh size को हाते जाल अनुदानमा वितरण | संख्या | ६ | १०.० | ६०.० |
| ५ | माछा मार्न प्रयोग गरिने डुङ्गा अनुदानमा वितरण | संख्या | १ | ८०.० | ८०.० |
| ६ | माछा मार्न प्रयोग गरिने सुरक्षित ज्याकेट )Life Jacket) अनुदानमा वितरण | संख्या | १२ | ३.० | ३६.० |
| ७ | सूचनामूलक होर्डिङ्ग वोर्ड प्रर्दशन | संख्या | ४ | ३०.० | १२०.० |
| ८ | सूचनामूलक पोष्टर पम्पलेट प्रकाशन वितरण | संख्या | ५०० | ०.०६ | ३,०.० |
| ९ | कार्यक्रम अनुगमन तथा प्रशासनिक खर्च | | | | २९४.० |
| | जम्मा | | | | ११,००.० |

**६.अपेक्षित उपलव्धीहरु:** यस कार्यविधिको कार्यान्वयन पश्चात निम्न उपलब्धिहरु हासिल हुनेछन् ।

(१) परम्परागत रुपमा माछा मारी जिविकोपार्जन गर्ने समुदायहरु समूहमा आवद्ध हुने।

(२) माछा मार्नको लागि प्रदान गरिने विभिन्न किसिमका साधनहरुले सुरक्षित र दिगो रुपमा माछा मार्ने कार्यमा सघाउ हुने।

(३) अवैधानिक रुपले माछा मार्ने कार्य निरुत्साहित हुने।

(४) जलचर संरक्षण ऐनमा तोकीए वमोजिमको समयमा, तोकिएको साइज र तोकिएको माछा वाहेक अरु कार्यहरुको निरुत्साहित हुने।

(५) माछा मारी जीविकोपार्जन गर्ने समुदायहरुको रोजगारीमा सघाउ हुने।

(६) गैरकानूनी एवं अन्य विनाशक तरिकाले जलीय जीवलाई हानी पुरयाउने कार्यलाई रोक्न प्राकृतिक जैविक पद्धति, जलीय जैविक विविधता तथा वासस्थानको संरक्षण हुने।

(७) कृषि विषाक्ततायुक्त रसायनिक पदार्थलाई नदी तथा जलाशयहरुमा फाल्ने कार्यमा समेत बन्देज लगाइ ब्यवस्थित हुने।

(८) गैरकानूनी तरिकाले माछा मार्ने कार्यहरु तथा यस्तै अन्य विनाशक गतिविधिलाई नियन्त्रण गर्न तथा जलचरहरुको वासस्थान र जलीय जीव विविधता कायम राख्न स्थानीय समुदायको परम्परागत ज्ञान तथा सहयोगलाई परिचालन र उपयोग हुने।